# आँधिखोला लघुवित्त वित्तीय संस्था लि.

# Adhikhola Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था, १०(दश) जिल्ला कार्यक्षेत्र भएको

**Central Office: Bhirkot-1, Syangja, Ph: 063-400103**

# Unaudited Financial Results (Quarterly)

## As at the end second Quarter (29/09/2076) Of the fiscai year 2076/077

Rs. In '000

| S.N. | Particulars | This Quarter Ending 2076/09/29 | Previous Quarter Ending 2076/06/30 | Corresponding Previous Year Quarter Ending 2075/09/30 |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **821,645.16** | **805,781.01** | **630,415.06** |
| 1.1 | Paid-up Capital | 100,000.00 | 100,000.00 | 60,000.00 |
| 1.2 | Reserves and Surplus | 29,163.61 | 23,645.07 | (2,809.33) |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 418,812.75 | 430,410.92 | 399,898.22 |
| 1.5 | Deposits (a+b) | **265,853.65** | **245,229.39** | **159,462.54** |
| | a. Member | 265,853.65 | 245,229.39 | 159,462.54 |
| | b. Public | - | - | - |
| 1.6 | Income Tax Liabilities | 1,273.28 | 1,284.45 | 1,953.49 |
| 1.7 | Other Liabilities | 6,541.87 | 5,211.18 | 11,910.13 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **821,645.16** | **805,781.01** | **630,415.06** |
| 2.1 | Cash & Bank Balance | 7,735.11 | 12,875.49 | 6,254.17 |
| 2.2 | Money at call and short Notice | 105184.95 | 90297.92 | 87,705.25 |
| 2.3 | Investments | - | - | - |
| 2.4 | Loans & Advances | **700,097.22** | **695,774.93** | **528,591.03** |
| 2.5 | Fixed Assets | 4198.85 | 4059.26 | 4,477.85 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 4429.03 | 2773.40 | 3,386.77 |
| **3** | **Profit and Loss Account** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 3.1 | Interest income | 62,519.08 | 31,343.62 | 38,238.01 |
| 3.2 | Interest Expense | 30,020.02 | 15,253.84 | 22,539.85 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **32,499.06** | **16,089.78** | **15,698.16** |
| 3.3 | Fees Commission and Discount | - | - | - |
| 3.4 | Other Operating Income | 10,061.57 | 5,110.02 | 9,961.27 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **42,560.63** | **21,199.80** | **25,659.43** |
| 3.6 | Staff Expenses | 13,310.60 | 7,652.71 | 9,435.85 |
| 3.7 | Other Operating Expenses | 6,007.56 | 4,235.10 | 4,555.82 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **23,242.47** | **9,311.99** | **11,667.77** |
| 3.8 | Provision for Possible Loss | 9,168.60 | 4,638.03 | 5,170.86 |
| **D** | **Operating profit (C-3.8)** | **14,073.87** | **4,673.96** | **6,496.91** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | - | 35.69 | 665.88 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **14,073.87** | **4,709.64** | **7,162.79** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **14,073.87** | **4,709.64** | **7,162.79** |
| 3.12 | Provision For Staff Bonus | 1,407.39 | 428.15 | 651.16 |
| 3.13 | Provision For Tax | 3,799.94 | 1,284.45 | 1,953.49 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **8,866.54** | **2,997.05** | **4,558.14** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 16.35% | 16.20% | 11.13% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 4.62% | 2.73% | 1.43% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 62.28% | 83.25% | 104.02% |
| 4.4 | Cost of Funds | 9.84% | 9.22% | 9.97% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 271.14% | 296.02% | 336.50% |

**Note :** 1. The Unaudited Financial Figures may change if directed by Statutory Auditor/ Supervisory Authorities.
2. Previous Period Figures are regrouped or rearranged wherever necessary.
3. Loans and Advances are reported net of provisions where Gross amount to NRS.720826.944 Thousands.

## Interest Rate

| | |
|---|---|
| Deposit : 6% to Max 10% | Loan & Advance : 14% to Max 18% |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली,

२०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

# आ.व. २०७६/०७७ को दोस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण:**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

| | | |
|---|---|---|
| प्रति शेयर आम्दानी : १७.७३ वार्षिक | मूल्य आम्दानी अनूपात : २६.२३ | प्रति शेयर नेटवर्थ : १२९.१६ |
| प्रति शेयर कूल सम्पतीको मुल्य : ८२१.६५ | तरलता अनूपात : १६.४९ | |

२. **व्यवस्थापकीय विश्लेषण:**

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण : कारोवारको बृद्धिसंगै संस्थाको मौज्दात, आम्दानी र तरलतामा सन्तोषजनक रुपमा बृद्धि भएको छ ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण : वित्तीय संस्थाले १० (दश) जिल्ला (स्याङजा, कास्की, तनहुँ, लमजुङ्ग, पाल्पा, नवलपरासी, रुपन्देही, कपिलवस्तु, गुल्मी र अर्घाखाँची) को ईजाजत प्राप्त गरी १९ वटा शाखा मार्फत आफ्नो कार्यक्रम सञ्चालन गरिरहेको छ। यस आर्थिक वर्षमा वित्तीय संस्थाले कार्यक्रम बिस्तार र गुणस्तर दुबै पक्षलाई साथै लैजाने नीति लिएको छ । सोही अनुसार अब नयाँ क्षेत्रमा कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाको पहुँच नपुगेको ठाउँलाई प्राथमिकता दिइनेछ । ग्राहकको चाहना र आवश्यकतानुसार बैंकको बचत, कर्जा र अन्य सेवालाई समयसापेक्ष थप परिमार्जन गर्दै आएको छ । वित्तीय संस्थाले आफ्नो श्रोत साधनलाई अधिकतम परिचालन गरी दिगो रुपमा लघुवित्त सेवा दिने सोंच रहेको छ ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरणः लघुवित्त संस्थाहरुको बृद्धिको कारण एक आपसमा अस्वस्थ प्रतिष्पर्धा, सदस्यहरुको दोहोरोपना आदिले वित्तीय संस्थालाई पार्न सक्ने असर बारेमा वित्तीय संस्था सचेत रहेकोले त्यस्तो गम्भीर समस्या बेहोर्नु परेको छैन ।

३. **कानुनी कारबाही सम्बन्धी विवरण:**

क) गत त्रैमासिक अवधिमा वित्तीय संस्थाले कसैको बिरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको बिरुद्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त भएको छैन ।

ख) वित्तीय संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको बिरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक बिरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेशण:**

क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोबारले यस वित्तीय संस्थाको शेयरको बजार मूल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन ।

ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको बेभसाइट www.nepalstock.com अनुसार यस त्रैमाशको शेयर सम्बन्धी विवरण :

| | | |
|---|---|---|
| अधिकतम मूल्य : रु.४८८ | न्यूनतम मूल्य : रु.४०७ | अन्तिम मूल्य : रु.४६५ |
| कारोबार भएको कुल दिन : ४१ दिन | कारोबार संख्या : ६४४६१ कित्ता | |

५. **समस्या तथा चुनौती :**

क) ग्रामीण क्षेत्रमा बैंकिङ्ग सेवा सञ्चालनको लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधारहरु उपलब्ध नहुदा सो क्षेत्रहरुमा कार्यक्रम विस्तार गर्नमा चुनौती तथा कार्यक्षेत्रको भौगोलिक विकटताले कार्यक्रम सञ्चालन गर्दा कर्मचारी उत्पादकत्व कम देखिने तथा सोही कारणले सञ्चालन लागत बढी भएको चुनौतीको सामना गर्नुपरेको,

ख) लघुवित्तको कारोबार गर्ने बैंकलाई आयकरमा कुनै छुट, प्रोत्साहन नदिई अन्य बाणिज्य बैंकहरु सरह करको दायरामा राख्दा आर्जित मुनाफाबाट कार्यक्रम बिस्तार गरी थप बिपन्न परिवारलाई सेवा पुर्‍याउन गाह्रो परिराखेको,

ग) लघुवित्त संस्थाहरु स्थापना, सञ्चालन हुने क्रम जारी रहेकोले यस क्षेत्रमा देखिएको अस्वस्थ प्रतिष्पर्धाले भविष्यमा समस्या सृजना हुन सक्ने,

घ) वित्तिय संस्थाको कोषको स्थाइ र दिर्घकालिन श्रोत नहुदा संस्थाको दिर्घकालिन लगानी ब्यबस्थापन दिन प्रतिदिन चुनौतीपूर्ण बन्दै गएको,

ङ) व्यवस्थापनको रणनीति : उल्लेखित चुनौतीहरुको सामना गर्दै वित्तीय पहुँचबाट टाढा रहेका ग्रामीण तथा विपन्न घरपरिवारमा वित्तीय सेवा पुर्‍याउने, बचत परिचालनलाई समेत विशेष महत्व दिने, सदस्यहरुलाई प्रदान गर्ने सबै प्रकारका सेवामा प्रविधीको उच्च प्रयोग गर्दै ग्राहक संरक्षणमा विषेश ध्यान दिदै वित्तीय संस्थासँग रहेका स्रोत र साधनको अधिकतम उपयोग गरी ग्राहक सदस्यहरुको सन्तुष्टिको स्तर बृद्धिको साथै संस्थाको मुनाफा वृद्धि कायम राख्ने व्यवस्थापनको रणनीति रहेको छ ।

६. **संस्थागत सुशासन :**

क) नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐनहरुः कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, आयकर ऐन २०५८ आदि पालना गरिएको छ ।

ख) संस्थाले प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, वित्तीय सेवा निर्देशिका, आन्तरिक लेखापरीक्षण निर्देशिका, सम्पत्ति दायित्व व्यवस्थापन नीति, ग्राहक पहिचान, बचत परिचालन तथा कर्जा लगानी निर्देशिका, शाखा स्थापना तथा सञ्चालन नीति लगायतका नीति, नियम, निर्देशिकाहरु बनाई पालना गरिएको छ ।

ग) वित्तीय संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समिति तहमा लेखापरीक्षण समिति, कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ती शुद्धिकरण अनुगमन समिति लगायतका समितिहरु गठन गरेको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।